REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 17.06.2024

---

## Tourists evacuated

बाढी प्रभावित उत्तर सिक्किमको मंगन जिल्ला अन्तर्गत चुङथाङ र लाचुङमा फँसेका चौंसठीजनालाई पर्यटकहरूमध्ये पर्यटकहरूलाई सड़क मार्गद्वारा निकाल्न सकियो।

कोलकाताका नौजना पर्यटकहरूको पहिलो समूह आज सुरक्षित रूपमा गान्तोक आइपुगे पछि छन्।

पचपन्नजना पर्यटकहरू सामेल रहेको दोस्रो समूह पनि आएको बताइन्छ।

जिल्ला प्रशासन, पर्यटन विभाग, सिक्किम यात्रा एजेन्ट संघ TAAS, पुलिस कर्मीहरू,NDRF,SDRF,BRO र चालकहरूको सहयोगमा यो कार्य सम्भव भएको छ।

मन्त्री श्री साम्डुप लेप्चाले फँसेका पर्यटकहरूलाई निकालने कार्यको देखरेख गरिरहनुभएको छ।

लगभग तीनसय पचासजना पर्यटकहरूलाई चुङथाङ गुरूद्वारामा राखिएको छ भने साठीजना वोपका केही निजी घरहरूमा बसिरहेछन्।

शिक्षा विभागको निर्देश अनुरूप मंगन जिल्ला अधिनका सबै पाठशालाहरू अर्को नोटिस जारी नभएसम्म बन्द रहनेछन्।

जिल्लामा सड़क, बिजुली, पिउने पानी आपुर्ति र टेलीफोन नेटवर्क व्यवस्थित गर्ने कार्य द्रुत गतिमा भइरहेछ।

लाचुङका पीपनवाट प्राप्त जानकारी अनुसार लाचुङ जम्सा दोर्जी छिरिङ लाचुङपा र होटेल संघको निर्णय अनुरूप मन्त्री तथा क्षेत्र विधायक श्री साम्डुप लेप्चाको सहयोगमा लाचुङमा फँसेका पर्यटकहरूलाई निकालने काम भोलिदेखि गरिनेभएको छ।

यसैवीच कावीका महकुमा अधिकारी श्री प्रकाश राईको नेतृत्वको एउटा टोलीले आज रामथाङ तानेक ग्राम पञ्चायत इकाई अन्तर्गत लोवर गोङखा र लुङचोक संगम वार्डका प्रभावित क्षेत्रहरूको भ्रमण गरयो।

प्रभावित परिवारहरूलाई तिरपाल उपलब्ध गराइएको छ ।

अर्कोतिर गान्तोक मंगन मार्गको अवस्था संगम र तुम्लोङमा खराब रहेको बताइन्छ जो कुनै पनि समय भत्किन सक्छ ।

कावीका महकुमा अधिकारीले रास्ट्रिय मार्ग प्रभाग र सड़क तथा पुल विभागका सम्वन्धित अधिकृतहरूलाई बाटोलाई आझ अत्किन नदिका लागि तुरन्तै कारवाई निर्देश दिनुभएको छ । समरण रहोस पैह्लोले गर्दा सिक्किममा पन्ध्र जना विदेशी लगायत दुइहजार जना पर्यटकहरू फसेका थिए ।

---

## CM

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले भन्नुभएको छ प्रशासन सुदृढ़ भए मात्र राज्य र देशको विकास हुनेछ ।

गान्तोकको मनन केन्द्रमा आज राज्य सरकारका विभिन्न विभाग प्रमुख र अधिकारीहरूको समन्वय बैठकको अध्यक्षता गर्दै उहाँले सरकारी अधिकारीहरूसित टीम सिक्किम बनेर सुखी अनि समृध्द सिक्किम निर्माणमा सहकार्य गर्ने अपील गर्नुभयो ।

कार्यक्रमको आयोजना कर्मिक विभागले गरेको थियो ।

राज्य र देशको विकासका लागि प्रशासनिक सुधारमाथि जोड़ दिँदै श्री तामाङले भन्नुभयो आम जनाताको सुविधाका निम्ति सरकारी कामकाज द्रुत गतिमा हुनुपर्छ ।

उहाँले अधिकारीहरूलाई सरकारले लिएको निर्णयलाई पालन गरेर सबै विभागमा पारदर्शिता र जवाफदेही सुनिश्चित गर्ने निर्देश दिनुभएको छ ।

शासन व्सवस्थामा पारदर्शिता ल्याउने सरकारको प्रतिवध्दता व्यक्त गर्दै मुख्यमन्त्रीले घोषणा गर्नुभएअनुसार सरकारले चाँड़ैनै कैयौ नयाँ नीतिहरू लागू गर्नेछ । यसले नीति निर्णय प्रक्रिया स्पस्ट रूपमा पालन भएको सुनिश्चित गर्नेछ ।

श्री तामाङले भन्नुभयो सिक्किम क्रान्तिकारी मोर्चा पार्टीको सरकारले आउँदो पाँच वर्षमा चुनाउअघि जनतालाई दिएको नौ वटा ग्यारेण्टीको बाचा पूरा गर्नेछ। मुख्य सचिव श्रई विजय भूषण पाठकले पनि कार्यक्रमलाई सम्वोधन गर्नुभयो। यस आवसर मन्त्रीगण र विधायकहरी पनि उपस्थित थिए।

---

## Mos Sikkim Visit

केन्द्रीय ग्रमीण विकास राज्य मन्त्री श्री कमलेश पासवान सिक्किमको तीन दिने भ्रमणमा आज गान्तोक आउनुभएको छ।

उहाँ भोलि नाम्ची जिल्ला अन्तर्गत नाम्थाङ कृषि विज्ञान केन्द्रमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीद्वारा वाराणसीमा PM किसान योजनाको सत्रौं किश्ती जारी गरिने प्रमुख कार्यक्रममा भर्चुअल रूपमा सहभागी हुनुहुनेछ।

प्रधानमन्त्रीले कृषकहरूसित भर्चुअल रूपमा अन्तक्रिया गर्ने देशभरिका चयनिन सात सय बत्तीस कृषि विज्ञान केन्द्रहरूमध्ये नाम्थाङ कृषि विज्ञान केन्द्र एउटा हो।

---

## Train Accident

पश्चिम बंगालको रांगापानि रेलवे स्टेशनमा आज एउटा मालगाड़ी कंचनजंघा एक्सप्रेससित ठोक्किए र भएको दुर्घटनामा तीनजना रेल कर्मीहरू लगायत आठजनाको मृत्यु भएको छ।

घटनामा घाइते हुने लगभग पचास जना वयक्तिहरूलाई उत्तर बंगाल मेडिकल कालेज अस्पतालमा भर्ती गरिएको छ।

रेलवे अधिकारीहरूको भनाइका मालगाड़ी सिग्नलदेखि अघि गएर कंचनजंघा एक्सप्रेसको पछिल्लो भागमा ठोक्किँदा दुर्घटना भएको हो। बचाउ कार्य युध्दस्तरमा भइरहेछ।

यसैवीच राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्य र मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ्ले यस घटनामाथि दुख व्यक्त गर्नुभएको छ ।

रेल दुर्घटनाको समाचारलाई अतयन्त दुखद र हृदयविदारक बताउँदै राज्यपालले आफ्नो शोक सन्देशमा घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभएको छ र यस त्रासदीमा आफ्ना प्रियजन गुमाउने परिवारहरूप्रति गहिरो सम्वेदना प्रकट गर्नुभएको छ।

मुख्यमन्त्रीले पनि यस भयानक दुर्घटनामा घाइते हुने यात्रीहरूको शीघ्र स्वास्थ्य लाभका निम्ति प्रार्थना गर्दै ज्यान गुमाउने व्यक्तिहरूको परिवारप्रति सम्वेदना व्यक्त गर्नुभएको छ।

---

## EID Festival

त्याग र बलिदानको त्यौहार ईद-उल-जुहा रास्ट्रसँगै सिक्किममा पनि आज उल्लासपूर्वक मनाइयो ।

मुसलमान दाजुभाइहरूले आज विहानै मस्जिद गएर ईदको नमाज पढे र त्यसपछि एका अर्कालाई शुभकामना दिए । अनि उनीहरूले बाख्रा र अरू पशुको भोग चढाए ।

ईद उल जुहा, हजारत इब्राहिमद्वारा ईश्वरको आज्ञा पालन गर्दै आफ्नो एकमात्र पुत्रको बलिदान दिने इच्छाको स्मरण गर्ने मनाइन्छ ।

---

## PM Mann Ki Baat

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले यसै महीना तीस तारीक आकाशवाणीवाट 'मन की बात' कार्यक्रममा आफ्नो विचार साझा गर्नुहुनेछ ।

यो मासिक रेडियो कार्यक्रमको एक सय एघारौं प्रकरण हुनेछ ।

श्री मोदी लगातार तेस्रोपल्ट प्रधानमन्त्री हुनुभएपछि यो पहिलो 'मन की बात' कार्यक्रम हुनेछ ।

श्रोताहरूले टोल फ्री नम्बर 1800-11-7800 प्रयोग गरेर आफ्नो विचार तथा सुझाउ दिन स्कनेछन् ।

नरेन्द्र मोदी ऐप वा माई जी ओ भी ओपन फोरममा अनलाइन सुझाउ पनि दिन सकिनेछ ।

अठाइस जूनसम्म पठाइएका सुझआउ र विचारहरूलाई कार्यक्रममा सामेल गरिनेछ ।